आज मिति २०७७ साल फाल्गुन २ गते आइतबारका दिन बिर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री ध्रुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णहरु गरियो

<u>उपस्थिति</u>

नगर प्रमुख : श्री ध्रुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्र प्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्देन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्वा

७ नं. वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. वडा अध्यक्ष : श्री दिपक भट्टराई

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपति गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता पोखरेल

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सदस्य सचिव : श्री गणेश प्रसाद दाहाल

Scanned with CamScanner

निर्णय नं.-१ : यस विर्तामोड नगरपालिकाको छैटौं नगर सभा मिति २०७७ साल फाल्गुण १९ गते बुधवार विहान ११:०० बजे नगरपालिकाको सभा हलमा प्रारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं.-२ : नगरपालिकाका लागि आवश्यक पर्ने निम्न अनुसारका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

क) विर्तामोड नगरपालिका लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७

ख) विर्तामोड नगरपालिका व्यवसाय संचालन कार्यविधि, २०७७

निर्णय नं.-३ : विधेयक समितिबाट छलफल सहित सिफारिस भई आएको विर्तामोड नगरपालिका संस्था दर्ता विधेयक २०७७ आगामी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-४ : विर्तामोड नगरपालिका, वडा नं.-५ ओम विमलीको घर उत्तर सार्वजनिक बाटोमा लिलादेवी पौडेल र ममता लामा राजवंशीले निर्माण गरेको घर ३ दिन भित्रमा खाली गराउन सम्वन्धित वडालाई जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं.-५ : विर्तामोड नगरपालिका, वडा नं.-१ भगवती सिने प्लाजा क्षेत्रमा घर जग्गा सिफारिस सम्बन्धमा प्रतिवेदन पेश गर्न गठित समितिबाट पेश गरेको प्रतिवेदनबाट फिल्डको अध्ययन र छलफल गर्दा २०२१ सालको नाप नक्सामा पैनी देखिएपनि हाल उक्त स्थानमा कालोपत्रे सडक निर्माण भएको र सडकको दुवै तर्फ पक्की घर निर्माण भएको अवस्था रहेको र उक्त स्थानमा साविकको पैनी खोली संचालन गर्न सम्भव नदेखिएको हुंदा अन्य स्थानमा उल्लेखित निर्णय नजिरको रुपमा लागु नहुने गरी उल्लेखित स्थानको हकमा हालको अवस्था जे जस्तो प्रकृति वा निर्मित संरचना छ, सोही बमोजिम सिफारिस दिन प्रतिवेदन पेश भएको हुंदा वडा नं.-१ को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.-६ : यस नगरपालिकाको बारुण यन्त्रले विर्तामोड-१ निवासी डम्वर बस्नेतको मोटर साईकललाई ठक्कर दिंदा निज घाइते भई निजको मोटरसाईकल समेत क्षति भएको हुंदा हाल वीमाबाट क्षति रकम प्राप्त नहुञ्जेलसम्म उक्त मोटरसाईकल मर्मत वापत विल बमोजिमको रकम रु. ७१,५००।०० भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.-७ : विर्तामोड नगरपालिका, वडा नं.-३ स्थित विराट भरत विश्रान्तीले निर्माण गरेको संरचनाको नक्सा पास दस्तुर उक्त संस्था नाफारहित सामाजिक संस्था भएकोले घर नक्सा पास वापत लाग्ने सम्पुर्ण दस्तुर छुट दिने निर्णय गरियो ।

निर्णय नं.-८ : न्यायीक समिति कार्यविधि ऐन २०७४ बमोजिम निरुपणका लागि न्यायीक समिति समक्ष प्राप्त उजुरी, निवेदनहरु न्यायीक समितिका निर्णय बमोजिम निरुपण भएका र कार्यान्वयन नभएका तपसिलका उजुरी निवेदनहरु न्यायीक समिति कार्यविधि ऐन २०७४ को दफा ७३ बमोजिम कार्यान्वयनको लागि नगरपालिका समक्ष पेश हुन आएको हुंदा उक्त न्यायीक समितिबाट न्यायीक निरुपण भएको उक्त उजुरी, निवेदनहरु कार्यान्वयनको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५२ बमोजिम नगरपालिकाको कार्यालय मार्फत अभिलेख शाखालाइ निर्देशन दिने निर्णय गरियो ।

क) जय तिवारी निवेदक रहेको जग्गा विवाद मुद्दामा भएको मिलापत्र कार्यान्वयन सम्बन्धमा

ख) शिला चौधरी निवेदक रही जग्गा खाली गराई पाउं भन्ने निवेदनमा मिलापत्र भईसकेको, सो कार्यान्वयन गर्नुपर्ने सम्बन्धमा ।

Scanned with CamScanner

ग) रामचौक सामुदायिक वनको विवाद समाधान गर्ने सम्वन्धमा ।

निर्णय नं.-९ : नविन उप्रेती निवेदक रहेको झुठ्ठा विवरण पेश गरी गरिएको व्यवसाय बदर गरी पाउं भन्ने निवेदनका सम्वन्धमा : उक्त मुद्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र नपरेको हुंदा कानूनी उपचारका लागि अधिकार क्षेत्र भित्रको न्यायिक निकायमा जान जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं.-१० :विर्तामोड नगरपालिकाको वारुणयन्त्रमा कार्यरत अग्नी नियन्त्रक श्री सञ्जिव मेचे अग्नी नियन्त्रणका लागि खटिंदा आगोले पोली घाइते भएको हुंदा उपचारमा लागेको खर्च रु. ४००००।०० विर्तासिटी हस्पिटलको विल वमोजिमको भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.-११ :यस विर्तामोड नगरपालिकामा रहेका निम्न बमोजिका "घ" वर्गका निर्माण व्यवसायी फर्महरुलाई प्राविधिक समितिवाट सिफारिस भई आएकोले "घ" वर्गको निर्माण इजाजत दिने निर्णय गरियो ।

क) कुयोग निर्माण सेवा प्रालि, विर्तामोड-५

निर्णय नं.-१२ :विर्तामोड-५ स्थित विकास लिम्वु काम्वो र लक्ष्मण तुम्वाहाम्फोको साझेदारीमा रहेको चोलुङ्ग कन्स्ट्रक्सन अब उप्रान्त विकास लिम्बु काम्वो र अमृत मादेनको नाममा नामसारी गर्ने निर्णय गरियो ।

निर्णय नं.-१३ :सोनिया सहनी निवेदक विर्तामोड नगरपालिका समेत विपक्षी भएको श्री सर्वोच्च अदालत काठमाण्डौंको मु. नं.-०७७-WO-०५७१ को उत्प्रेषण मुद्दामा लिखित जवाफ फर्काउन वारेस मुकरर गर्न कानुन व्यवसायी नियुक्त गर्न लगायतका मुद्दा सम्वन्धी सम्पुर्ण कार्य गर्न जिल्ला झापा विर्तामोड नगरपालिका, वडा नं.-४ बस्ने विर्तामोड नगरपालिका, वडा नं.-४ का वडाध्यक्ष श्री कुलप्रसाद संग्रौलालाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.-१४ :वादी प्रवासी चौधरी, प्रतिवादी विर्तामोड नगरपालिका समेत भएको श्री उच्च अदालत विराटनगर इलाम इजलास, इलामको मु. नं.-०७७-CP-००२६ को लिखित बेइज्जती र ऐ. ऐ. वादी प्रतिवादी भध्एको २०७७ सालको मुद्दा नं.-०७७-CP-००२७ को किर्ते जालसाज मुद्दामा लिखित जवाफ फर्काउन वारेस मुकरर गर्न कानूनी व्यवसायी नियुक्त गर्न लगायतका मुद्दा सम्वन्धी सम्पुर्ण कार्या गर्न जिल्ला झापा विर्तामोड नगरपालिका, वडा नं.-४ बस्ने विर्तामोड नगरपालिका शाखा अधिकृत श्री देवराज कार्कीलाई अख्तियारी दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.-१५ :विर्तामोड नगरपलिका न्ययिक समितिको कार्यविधि सम्वन्धि ऐन २०७४को दफा ५९ वमोजिम मिति २०७७।०७।२०मा प्रकाशित सुचना अनुसार दर्ता हुन आएका निवेदन अनुसार तपशिल वमोजिमका ब्यक्ति हरुलाइ मेलमिलाप कर्तामा सुचिकृत गर्नै निर्णय गरियो ।

<u>तपशिलः</u>
<u>वडा न १</u>

१ प्रेम खरेल
२ कमला महरा

Scanned with CamScanner

वडा न २

१ किशोर पौडेल
२ वालकृष्ण राजवबशी
३ मिनादेवी शिवाकोटी प्रसाइ

वडा न ३

१ पुर्ण राजवंशी
२ रन्जु प्याकुरेल
३ कुमारी दर्नाल

वडा न ४

१ राहुल कुमार शर्मा
२ लक्ष्मी प्रसाद गौतम
३ मन कुमारी चुडाल

वडा न ५

१ ढाचाराज कडरिया
२ ओमभक्त सेडाइ
३ मालति विंक

वडा न ६

१ एन्बिन्द्र खत्रि
२ उषा सुवेदी

वडा न ७

१ प्रेम प्रसाद थापा
२ कृष्ण प्रसाद खरेल

वडा ८

१ दिपक भट्टराइ
२ लक्ष्मी नेपाली
३ इन्दीरा पाण्डे

वडा न ९

१ हरि प्रसाद चौलागाइ
२ गौरी प्रसाद घिमिरे
३ दिल कुमारी राजवंशी

Scanned with CamScanner

<u>वडा न १०</u>

१ अर्जुन सिटौला
२ गीता घिमिरे
३ प्रेम प्रसाद पौडेल

Scanned with CamScanner